# दीगो विकासका लागि विद्यालय सुधार योजना

**यामनारायण घिमिरे**
उपनिर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी, भक्तपुर

## १. लेखसार

**करिब डेढ दसकदेखि क्षमता अभिवृद्धि गर्ने र विद्यालय सुधार योजना निर्माण गर्ने काम केन्द्रदेखि विद्यालय तहसम्म सञ्चालन भएका छन् । विद्यालय सुधार योजना निर्माणका लागि हामीले धेरै समय र श्रम खर्चेर प्रशस्त अभ्यास गरिसकेका छौँ। तर ती अभ्यासहरू विद्यालयको समग्र पक्षको विकास गर्न आवश्यक पर्ने योजना निर्माणका लागि भन्दा पनि कसरी योजना निर्माण गर्ने भन्ने सिकाइका लागि मात्र भएका छन् भन्ने आवाजहरू यत्रतत्र सुनिने गरेका छन् । विद्यालयले आफ्ना शैक्षिक क्रियाकलापहरूलाई बालमैत्री बनाउन, समावेशी बनाउन, अपाङ्ता मैत्री बनाउन, सबै बालबालिकाहरूलाई विद्यालय ल्याउन, टिकाउन, गुणस्तरीय शिक्षा प्रदान गर्न, सबै सरोकारवालाहरूको सहभागितामा विद्यालय सुधार योजना निर्माण तथा स्व-मूल्याङ्कन गर्न, योजनाअनुरूप काम भएनभएको अनुगमन गरी समय समयमा समीक्षा गर्ने र आगामी वर्षको योजना निर्माण गर्दा विगतको योजना समीक्षा गर्ने काम भएमा विद्यालयको दीगो विकास भई विद्यालय सुधार योजनाले राखेको लक्ष्य पूरा गर्न सकिन्छ र सेवाग्राहीको पूर्णसन्तुष्टि प्राप्त भएको देख्न सकिन्छ ।**

## २. मुख्य शब्दावली

(Keywords) सहभागिता (Participation), स्व-मूल्याङ्कन (Self assessment), योजना (Plan), तथ्याङ्क (Statistics)

## ३. पृष्ठमूमि

नेपालमा विद्यालय सुधार योजनाको ऐतिहासिक सन्दर्भ स्मरण गर्नुपर्दा वि.सं.२०५७ सालमा जारी गरिएको शिक्षा ऐन, २०२८ को सातौँ संशोधनबाट कानुनी रूपमा विकेन्द्रित शैक्षिक व्यवस्थापनको अभ्यास प्रारम्भ भएको तथ्यलाई लिन सकिन्छ । (विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका २०७१ शिक्षा विभाग) यसै ऐनको कार्यान्वयनको लागि वि.सं. २०५८ सालदेखि अधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम दोस्रो अन्तर्गत सबै विद्यालयहरूले शिक्षण सिकाइ सुधार प्रयोजनका लागि विद्यालय सुधार योजना निर्माण गर्ने र त्यसका आधारमा विद्यालयका सम्पूर्ण गतिविधिहरू सञ्चालन गर्ने अभ्यासको सुरुवात गरियो । योजनाका आधारमा विद्यार्थीको पहुँच वृद्धि गर्ने, छात्रा सहभागिता बढाउने, अपङ्गता र दलित विद्यार्थीको पहुँच वृद्धि गर्ने, विद्यालयको भौतिक पूर्वाधार विस्तार गर्ने, कक्षाको व्यवस्थापनलाई बाल मैत्री तथा सिकाइ अनुकूल बनाउने आदि उद्देश्य पूरा गर्न योजनाबद्ध विकासको थालनी भयो । आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम दोस्रो अन्तर्गत ५ जिल्लामा विद्यालय सुधार योजनामार्फत विकेन्द्रीकृत शैक्षिक योजना परीक्षणका रूपमा लागु गरिएको छ । (सबैका लागि शिक्षा २००४-२००९ मुख्य दस्तावेज, शिक्षा मन्त्रालय)

## ४. विषय प्रवेश

विद्यालय शिक्षामा सरोकार राख्ने जो कोही व्यक्तिमा जिज्ञासा हुन सक्छ आखिर बालबालिकाको सिकाइ र विद्यालयको समग्र पक्षको विकासमा महत्त्वपूर्ण भूमिका राख्ने विद्यालय सुधार योजना के हो ? विद्यालयको

दिगो विकासका लागि यसको आवश्यकता किन पर्दछ ? भन्ने जस्ता जिज्ञासा उठ्नु स्वभाविक मानिन्छ । यी प्रश्नहरूको धारण सहजै बनाउने गरिएको पाइन्छ किनभने विद्यालय सुधार योजनाका सम्बन्धमा सरकार र स्थानीयस्तरबाट धेरै लगानी भइसकेको छ । त्यसैले यी प्रश्नहरू पुराना भइसकेजस्तो लाग्दछ किनकि यस सम्बन्धमा करिब डेढ दसकदेखि क्षमता अभिवृद्धि गर्ने र विद्यालय सुधार योजना निर्माण गर्ने प्रशस्त कार्यक्रमहरू केन्द्रदेखि विद्यालय तहसम्म सञ्चालन भएका थिए । विद्यालय सुधार योजना निर्माणका लागि हामीले धेरै समय र श्रम खर्चेर प्रशस्त अभ्यास गरिसकेका छौँ तर ती अभ्यासहरू विद्यालयको समग्र पक्षको विकास गर्न आवश्यक पर्ने योजना निर्माणका लागि भन्दा पनि कसरी योजना निर्माण गर्ने भन्ने सिकाइका लागि मात्र भएका छन् भन्ने आवाजहरू यत्रतत्र सुनिने गरेका छन् । विद्यालयले आफ्ना शैक्षिक क्रियाकलापहरूलाई बाल मैत्री बनाउन, समावेशी बनाउन, अपाङ्ता मैत्री बनाउन, सबै बालबालिकाहरूलाई विद्यालय ल्याउन, टिकाउन र गुणस्तरीय शिक्षा प्रदान गर्न जसरी सूचीकारले कुनै व्यक्तिको कपडा सिलाउन उसको शरीरको नाप लिने गर्दछ त्यसै गरी हाम्रा विद्यालयहरूले पनि सबै सरोकारवालाहरूको सहभागितामा विद्यालय कस्तो छ र यसलाई राम्रो बनाउन के के गर्नु पर्दछ भन्ने सन्दर्भमा व्यापक बहस गर्नु जरुरी छ । यसरी विद्यालयको लेखाजोखा  गर्ने कार्यलाई विद्यालय स्व-मूल्याङ्कन भनिन्छ । सबै सरोकारवालाहरूको सहभागितामा विद्यालयको स्व-मूल्याङ्कन गर्न विभिन्न तरिका अपनाउने गरिएको पाइन्छ जस्तै चारओटा प्रश्न फरक फरक समूहमा दिने र उक्त प्रश्नहरूको जवाफ बुँदागत रूपमा लेख्न लगाएर पनि विद्यालयको स्व-मूल्याङ्कन गर्ने गरिएको छ । यस क्रममा प्रयोगमा आएका ती प्रश्नहरू यस्ता छन् –

१) कस्तो विद्यालयलाई राम्रो विद्यालय मान्नुहुन्छ ? राम्रो विद्यालयमा के-के कुरा हुन्छन् ?
२) तपाईंको विद्यालयका राम्रा पक्षहरू के-के हुन् ?
३) तपाईंको विद्यालयलाई राम्रो बनाउन अब के-के गर्नु पर्दछ ?
४) तपाईंको विद्यालयलका मुख्य-मुख्य समस्या तथा चुनौतीहरू के-के हुन् ?

माथि उल्लिखित प्रश्नहरूलाई शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक अभिभावक सङ्घका पदाधिकारिहरूलाई बेग्लाबेग्लै समूहमा छलफल गराइ विद्यालयको वर्तमान अवस्थाको विश्लेषण र भावी विकासका लागि पूर्वाधार तयार गर्ने गरिएको पाइन्छ । दिइएको पहिलो प्रश्नले विद्यालयको दृष्टिकोण बनाउन सहयोग गर्दछ, दोस्रो प्रश्नले विद्यालयको सबल पक्ष बताउँछ, तेश्रो प्रश्नले विद्यालयलाई अझ राम्रो बनाउन गर्नुपर्ने कामका लागि सहयोग गर्दछ र चौथो प्रश्नले विद्यालयका समस्याहरू तथा चुनौतीहरू पत्ता लागाउन सहयोग गर्दछ ।

आजभोलि विद्यालयको स्व-मूल्याङ्कनका लागि विद्यालयको भौतिक, शैक्षिक, व्यवस्थापकीय र मानवीय पक्षको समुचित पहिचान र भावी विकासको खाँका तयार गर्न भौतिक, शैक्षिक, व्यवस्थापकीय र मानवीय स्रोत साधनको समग्र पक्षहरू समेटेर रुजु सूची तयार गरिएको पाइन्छ । उक्त रुजु सूची शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरूलाई बेग्लाबेग्लै समूहमा छलफल गर्न लगाइन्छ र उक्त फारम भर्न लगाइन्छ यसो गर्दा विद्यालयको बारेमा आफूले बुझ्न चाहेका कुराहरूको समग्र पक्षको  पहिचान गर्न सजिलो हुन्छ । वास्तविक धरातलमा उभिएर बनाइएको योजना खँदिलो र भरपर्दो हुन्छ । सरोकारवालाहरूको पूर्णसहभागितामा निर्माण गरिएको योजना कार्यान्वयन गर्न सजिलो हुने, उपलब्धिमूलक हुने र उपलब्धिको लेखाजोखा गरी विद्यालयको समग्र पक्षको मूल्याङ्कन गर्न पनि सजिलो हुने गर्दछ । सामुहिक प्रयासमा गरिएको कामबाट सामुहिक क्षमता अभिवृद्धि हुन जाने र एक ठाउँमा सिकेको सिकाइलाई अन्य स्थानमा रूपान्तरण गर्न पनि सजिलो हुन्छ । जुन व्यक्ति वा सङ्घ संस्थाले सामुहिक प्रयासमा योजना निर्माण गर्दछ उसले प्रशस्त पृष्ठपोषण प्राप्त गर्दै आफ्नो योजनमा निरन्तर विकास गर्दै लैजान्छ विकास भनेको यस्तो कुरा हो त्यो कहिलै अन्त्य हुँदैन खोला झैं निरन्तर बगिरहन्छ । कुनै संस्थाले ५ वर्षमा गरेको काम कुनै संस्थाले १५ वर्षमा पनि पुरा गर्दैन ।

विद्यालय सुधार योजना निर्माण गर्दा अर्को ध्यान दिनुपर्ने कुरा तथ्याङ्क पनि हो । योजना तथ्यपरक हुनु पर्दछ । यदि तथ्यलाई विर्सेर मनगणन्त्य रूपमा प्रयोग गरिएका तथ्याङ्कले सही सूचना दिन सक्दैन त्यसैले यस्तो योजना पनि पानी बिनाको चिया झैं अधुरो हुन्छ । जसरी दुध वा पानी बिना चिया खान लाएक हुँदैन त्यसै गरी तथ्य बिनाको योजना पनि संस्थाको प्रगति मापन गर्न नसकिने भई लङ्गडो बन्न जान्छ । त्यसैले सही सत्यतथ्य तथ्याङ्क प्रयोग गरिनु पर्दछ । जसरी हामीलाई आफ्नो अनुहार राम्ररी नियाल्नका लागि ऐनाको जरुरी पर्दछ त्यसै गरी विद्यालयको समग्र पक्षको विकास के कसरी भएको छ भनी हेर्नको लागि विभिन्न शैक्षिक सूचकहरूको जरुरी पर्दछ । विद्यालयको वर्तमान अवस्था कस्तो छ र त्यसलाई भावी दिनमा कसरी विकास गरेर लैजानु पर्दछ भन्ने कुराको आँकलन गर्न विभिन्न शैक्षिक सूचकहरूको आवश्यकता पर्दछ । तिनै सूचकहरूका आधारमा विद्यालयको वर्तमान अवस्थाको विश्लेषण गरी भावी योजनाको लक्ष्य निर्धारण गर्नु पर्दछ । यी सूचकहरूले विद्यार्थीहरूको सहजै देखिने भर्ना दर, विद्यार्थीहरूको खुद भर्ना दर, विद्यार्थीहरूको दैनिक, मासिक, वार्षिक उपस्थिति दर, शिक्षक उपस्थिति दर, विद्यार्थीहरूको कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दर, सिकाइउपलब्धि दर, कक्षा वा तह पूरा गर्ने दर कस्तो छ भनी हेर्नु पर्दछ र वर्तमान अवस्थाको विश्लेषण गरी आगामी वर्षको लक्ष्य निर्धारण गर्नुपर्दछ । यसरी निर्धारण गरिएका सूचकहरूका आधारमा विद्यालयको वास्तविक प्रगति मापन गर्न सकिन्छ ।

हाल सबैका लागि शिक्षा कार्यक्रमको आधारमा रहेर विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन भइरहेको छ । विद्यालयमा प्राप्त हुने जति पनि आर्थिक रकमहरू छन् ती सबै विद्यालय सुधार योजनाका आधारमा विद्यालयहरूलाई वितरण गर्ने गरिन्छ । यदि विद्यालयको राम्रो विद्यालय सुधार योजना निर्माण भएको छ भने जिल्ला शिक्षा कार्यालयबाट प्राप्त हुने अनुदनका अतिरिक्त गाउँ विकास समिति तथा नगरपालिका र अन्य सरकारी तथा गैर सरकारी सङ्घ संस्थाबाट पनि अनुदान प्राप्त गर्न सकिन्छ । नेपाल सरकारलाई उपलब्ध गराउने विभिन्न दाता तथा दातृ निकायहरूले पनि विद्यालय सुधार योजनालाई मुख्य आधार बनाउने भएकाले विद्यालयहरूले राम्रो योजना निर्माण गर्न सकेको खण्डमा दाताहरूको मन पघालेर बढी भन्दा बढी सहयोग प्राप्त गर्न सकिने अवस्था देखिन्छ । हाल सबैका लागि शिक्षा कार्यक्रम कार्यान्वयन गर्ने कार्यमा विश्वका विकसित देशहरूले नेपाल जस्ता विकासोन्मुख देशहरूलाई सहयोग गर्दै आएका छन् ।

आजभालि विद्यालय सुधार योजना निर्माण गर्ने कार्यलाई दैनिक क्रियाकलापका रूपमा लिइन्छ । त्यसैले विद्यालयहरूले पाँच वर्षका लागि निर्माण गरेको योजनालाई बर्षेनी अद्यावधिक गर्दै गएको पाइन्छ । कतिपय विद्यालयहरूको धारणा विद्यालय सुधार योजना आवधिक हुन्छ र यसलाई अध्यावधिक गर्न पहिले पहिले झै जिल्ला शिक्षा कार्यालयले छुट्टै कार्यक्रम ल्याउछ, छुट्टै फर्मेट दिन्छ, तालिम दिन्छ अनि विद्यालयहरूले निर्माण गर्नु पर्दछ भन्ने सोच राखेको पाइयो । यस अगाडि पटक पटक यही प्रक्रिया अपनाइएको थियो । यसले हामीलाई भ्रम पर्नु स्वभाविकै हो । अब भ्रममा नपरी विद्यालय सुधार योजना अध्यावधिक गर्न बाँकी रहेका विद्यालयहरूले सराकारवालाहरूको प्रत्यक्ष सहभागितामा स्रोत केन्द्र र विद्यालय निरीक्षकको प्राविधिक सहयोग लिएर अध्यावधिक गर्दै जानु पर्ने हुन्छ । आफ्नो योजना राम्रो बनाउने कार्यमा सदैव ध्यान दिई सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्ने कार्यमा धेरै विद्यालयहरू समर्पित भएको पाइन्छ । छिमेकी विद्यालयहरूले प्रयोग गरेका राम्रा अभ्यासहरूको उपयोग गर्दै अभिभावकहरूले अपेक्षा गरे अनुसारको गुणस्तरीय शिक्षा प्रदानका लागि समयमा नै आफ्ना योजनाहरूलाई अध्यावधिक गरौं, अध्यावधिक भएका योजनाहरूका बारेमा समीक्षा गरौं र समग्र शैक्षिक गुणस्तर विकास गर्न आजैदेखि जगरुक बनौं । कुनै पनि काम राम्ररी सम्पादन गर्नका लागि योजनालाई मूल मन्त्रको रूपमा लिइन्छ, विद्यालयको अपेक्षित लक्ष्य पूरा गर्न तथ्याङ्कमा आधारित भई सरोकारवालाको प्रत्यक्ष सहभगितामा निर्माण भएको योजनाले मात्र विद्यालयको दिगो विकास सम्भव हुन्छ ।

विद्यालयको योजना मात्र राम्रो भएर पुग्दैन यसको कार्यान्वयन पक्ष पनि उत्तिकै दर्बिलो हुनु पर्दछ । त्यसैले योजना निर्माण, कार्यान्वयन र मूल्याङ्कनलाई सँगसँगै लैजानु पर्दछ । योजनाको राम्रो कार्यान्वयनका लागि

अनुगमन योजना निर्माण गरी सोही अनुसार कायान्वयन गर्दा राम्रो हुन्छ ।

### ५. विद्यालय सुधार योजनाले महत्त्व दिनुपर्ने विषयहरू

- बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन
- विद्यालय सेवा क्षेत्रका सबै बालबालिका विद्यालय ल्याउने र टिकाउने
- छात्रा तथा महिला शिक्षकको सहभागितामा जोड दिने
- दलित, जनजाति र पिछडिएका जातजातिको पहुँच बढाउने
- बाल मैत्री विद्यालय राष्ट्रिय प्रारूप कार्यान्वयन गर्ने गराउने
- सिकाइ उपलब्धि बढाउन रणनीति र कार्यक्रम सञ्चालन गर्ने
- विद्यालय स्तरीकरणको मापदण्डअनुसार विद्यालयलाई क श्रेणीमा पुऱ्याउने पक्षमा ध्यान दिने
- साक्षरता तथा निरन्तर सिकाइ र सिप विकासको को आवश्यक व्यवस्था मिलाउने
- प्रवर्तनात्मक कार्यमा जोड दिने
- स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनमा जोड दिने
- निर्माणत्मक तथा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको सफल कार्यान्वयनबाट सिकाइ उपलब्धि बढाउने
- सिकाइमा पछि परेका विद्यार्थीहरूलाई सक्षम बनाउन के कस्ता सिकाइ रणनीति अपनाउने
- विद्यालयमा सन्तुलित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी बालबालिकाको चौतर्फी विकास गराउने र विश्व बजारमा बिक्न सक्ने बनाउने
- सिकाइमा नवीनत् प्रविधिको उपयोग गरी विद्यार्थीलाई आत्मनिर्भर गराउने

### ६. विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयनमा पाइने केही समस्याहरु :

- एकजना सामुदायिक विद्यालयका प्रधानाध्यापकले प्रशिक्षकसँग विद्यालय सुधार योजना निर्माणका सम्बन्धमा आफ्नो विचार यसरी राख्नु भयो, "धेरै खर्च गरेर विशेषज्ञ तथा अन्य मानिसहरूको भेला गर्ने र धेरै समय तथा श्रम लगाई विद्यालय सुधार योजना बनाउनु भन्दा हाम्रै विद्यालयका शिव सरलाई केही पारिश्रमिक दिएर योजना बनाउन लगाउँदा सजिलैसँग बन्न सक्छ, तालिम दिने भए शिवसरलाई नै दिनुपर्दछ, उहाँ सिपालु हुनुहुन्छ" । यस प्रकारका प्रअहरू विद्यालयमा धेरै पाउने गर्दछौं । योजना निर्माण कार्यान्वयनमा सबैको सहभागिता र सिप विकास भई अपनत्व लिने योजना बनाउन नसक्नु र कार्यान्वयन पक्ष फितलो हुनु एउटा बलियो समस्या बनेको छ ।
- सीता प्राविका शिक्षकहरूले उपयोगी विद्यालय सुधार योजना कसरी बनाउने, के के विषय समावेश गर्ने, विद्यालय सुधार योजनामा जोड दिनु पर्ने र नपर्ने विषय कसरी थाहा पाउने कार्यान्वयनका लागि पैसा नभए के गर्ने ? भनी छलफल गर्दछन् तर उनीहरूले पर्याप्त रूपमा अन्य सरोकारवाला र विज्ञको सहयोग लिंदैनन् । यसो हुँदा योजनामा अपनत्व नहुने, अपेक्षित योजना निर्माण नहुने र कार्यान्वयन पक्ष कमजोर हुने खतरा रहेको पाइन्छ ।
- सरस्वती माविका व्यवस्थापन समितिका सदस्यहरूले यस वर्ष विद्यालय सुधार योजना नबनाउने भनी प्रअसँग छलफल गरे प्रअ तथा अन्य शिक्षक सहमत भएको अवस्थामा विद्यालय सुधार योजना आवश्यक छ भनी स्रोत व्यक्तिले बुझाउन खोज्दा विगत समयमा बनाएको योजना जिल्ला शिक्षा कार्यालयको दराजमा त्यसै रहेको र विद्यालयमा पनि त्यसको प्रयोग नभएको साथै योजना नहुँदा पनि विद्यालयले राम्रो रिजल्ट ल्याएको विचार व्यक्त गर्ने विद्यालय परिवारलाई परीक्षाको जतीजा मात्र सबैथोक होहन, जिशिकाको दराजमा भएको योजना जिल्ला शिक्षा योजना निर्माण गर्दा, विद्यालयलाई अनुदान दिनुपर्दा उपयोग भएको, विद्यालयको गुणस्तर विकासमा प्रभाव पार्ने सबै पक्षको बारेमा यी यी हुन भनी बुभाउने र वस्तविक योजना निर्माण तथा कार्यान्वयन गराउने बाध्यात्मक अवस्था सिर्जना

गर्ने हालको अवस्था देखिँदैन ।

- उल्लिखित समस्याहरू केही प्रतिनिधि समस्या मात्र हुन । विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयनमा धेरै समस्याहरू रहेको पाइन्छ । समस्याहरू क्रमशः न्यूनीकरण गर्दै योजना निर्माण गर्ने, सबैले अपनत्व लिने वातावरण सिर्जना गर्ने, कार्यान्वयन पक्षलाई बलियो बनाउने क्षेत्रमा ध्यान पुऱ्याउनु आजको आवश्यकता हो ।

## ७. निष्कर्ष

नेपालमा विद्यालय सुधार योजना निर्माणको इतिहाँस छोटो भएकोले हाम्रा विद्यालयहरूले योजनाबद्ध विकासको सुरुवातको अवस्थालाई स्वीकार गरी यसलाई बलियो बनाउन प्रयास गर्नुपर्दछ । आजसम्मका प्रयासहरूले सिकाइलाई बलियो बनायो । सिकाइमा भएको लगानीले विद्यालय शिक्षाको दीगो विकासमा महत्त्वपूर्ण भूमिका राख्दछ भन्ने कुरा शिक्षामा गरिने लगानी र त्यसले दिने प्रतिफललाई हेर्न सकिन्छ । पहुँच बढाउन, गुणस्तर बढाउने र संस्थागत क्षमता बढाउने योजना निर्माण गर्ने, सबैले अपनत्व लिने वातावरण सिर्जना गर्ने, कार्यान्वयन पक्षलाई बलियो बनाउने आदि क्षेत्रमा ध्यान पुऱ्याउनु आजको आवश्यकता भएकोले विद्यालयलाई अनुकूल हुने किसिमको योजना निर्माण कार्यान्वयन गर्न सकेका विद्यालयको दिगो विकास यसैमा निर्भर हुन्छ भन्न सकिन्छ ।

## सन्दर्भ सामग्री


शिक्षा विभाग (२०७१), विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका, भक्तपुर : लेखक ।

शिक्षा तथा खेलकुद मन्त्रालय (२००३), सबैका लागि शिक्षा (२००४-२००९), मुख्य दस्तावेज, काठमाडौं : लेखक ।

जिल्ला शिक्षा कार्यालय, (२०६४-२०६८), काभ्रेपलाञ्चोक जिल्लामा निर्माण भएका केही विद्यालयका नमुना विद्यालय सुधार योजना, काभ्रेपलाञ्चोक : लेखक ।